म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १७० बिहीबार, १३ माघ २०७८ दशमी ने. सं. ११४२ पोहलागा 27 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## धेरैले खोप लगाउने सूचीमा नेपाल

काठमाडौं (रासस)/सरकारले प्राथमिकताका साथ कोभिडविरुद्धको खोप नि:शुल्क लगाएपछि दक्षिण एशियामै धेरै प्रतिशत जनसंख्याले खोप लगाउने मुलुकमा नेपाल पनि परेको छ । आगामी चैत मसान्तसम्म १८ वर्षमाथिका सबै नागरिकलाई पूर्णमात्रा खोप लगाइसक्ने लक्ष्य लिएको सरकारले हालसम्म ७१ प्रतिशतलाई पहिलो मात्रा खोप दिइसकेको छ भने ६१ प्रतिशतले दुवै मात्रा खोप लगाइसकेका छन् ।

प्रधानमन्त्रीमा शेरबहादुर देउवा निर्वाचित भएपछि 'खोप, खोप र खोप' को नीतिअनुसार अघि बढ्दा दक्षिण एशियामै कोभिडविरुद्धको खोप धेरै प्रतिशतलाई लगाउने मुलुकमा नेपाल उक्लिएको हो । प्रधानमन्त्री देउवा सरकारको नेतृत्व लिएपछि खोप खरिद द्रुतगतिमा अघि बढेको, खोप केन्द्र आवश्यकताअनुसार बढाइएको र खोप लगाउने जनशक्तिमा व्यापक वृद्धि गरेका कारण खोप व्यवस्थापन चुस्त भएको हो । हाल सबै प्रदेशमा कोभिसिल्ड/एस्ट्राजेनेका र सिनोफार्मका पहिलो तथा दोस्रो मात्रा खोप लगाइरहेको छ भने ५७ जिल्लामा मोडर्ना खोपको पहिलो मात्रा खोप दिइरहेको छ ।

# बागमतीमा पौडेल र तिमल्सिना राष्ट्रियसभा सदस्यमा विजयी

साझाकुरा संवाददाता



हेटौंडा/राष्ट्रियसभा सदस्यमा बागमती प्रदेशतर्फको दुबै सीटमा सत्तारुढ गठबन्धनका उम्मेदवारहरु विजयी भएका छन् ।

बुधबार हेटौंडा-८ औद्योगिक क्षेत्रमा भएको मतदान प्रक्रियाबाट अन्यतर्फबाट नेपाली कांग्रेसका कृष्णप्रसाद पौडेल र महिलातर्फ नेकपा एकीकृत समाजवादीकी गोमादेवी तिमल्सिना विजयी भएका हुन् ।

तिमल्सिनाले स्थानीय तहतर्फ १ सय १६ मत अर्थात २ हजार ८८ मतभार प्राप्त गरेकी थिइन् । पौडेलले स्थानीय तहतर्फ १ सय १७ मत अर्थात २ हजार १ सय ६ मतभार प्राप्त गरेका थिए ।

तिमल्सिनाले प्रदेशतर्फ ५७ मत अर्थात २ हजार ७ सय ३६ मतभार गरी कुल ४ हजार ८ सय २४ मतभार प्राप्त गरिन् । पौडेलले प्रदेशतर्फ ५६ मत अर्थात २ हजार ६ सय ८८ मतभार गरी कुल ४ हजार ७ सय ९४ मतभार प्राप्त गरे ।

प्रदेश निर्वाचन कार्यालयका अनुसार नेकपा एमालेकी महिलातर्फकी उम्मेदवार निरुकुमारी कुँवरले स्थानीय तहतर्फ १ सय १७ मत अर्थात २ हजार १ सय ६ मतभार र प्रदेशतर्फ ४७ मत अर्थात २ हजार २ सय ५६ मतभार प्राप्त गरिन् । उनले कुल ४ हजार ३ सय ६२ मतभार प्राप्त गरेकी थिइन् ।

एमालेकै अन्यतर्फका उम्मेदवार गोपाल शाक्यले स्थानीय तहतर्फ १ सय १६ मत अर्थात २ हजार ८८ मतभार प्राप्त गरे । उनले प्रदेशतर्फ ४७ मत अर्थात २ हजार २ सय ५६ मतभार गरी कुल ४ हजार ३ सय ४४ मतभार प्राप्त गरेका थिए ।

नेमकिपाबाट महिलामा उम्मेदवार गीता काफ्लेले स्थानीयतर्फ २ मत अर्थात ३६ मतभार र प्रदेशतर्फ २ मत अर्थात ४८ मतभार प्राप्त गरिन् ।

काफ्लेले कुल ८४ मतभार प्राप्त गरिन् । नेमकिपाकै अन्यतर्फका उम्मेदवार कृष्णबहादुर तामाङले स्थानीय तहतर्फ २ मत अर्थात ३६ मतभार र प्रदेशतर्फ २ मत अर्थात ४८ मतभार प्राप्त गरेका थिए । उनले पनि कुल ८४ मत भार प्राप्त गरेका थिए । सत्ता गठबन्धनमा कांग्रेस, माओवादी, नेकपा (एस), जनता समाजवादी पार्टी र जनमोर्चा रहेका थिए ।

राष्ट्रियसभा निर्वाचनमा बागमतीमा ३ सय ४६ मतदाता रहेका थियो । प्रदेशसभा सदस्यको १ सय ९ मध्ये १ सय ६ मत खसेको थियो । स्थानीय तहतर्फ शतप्रतिशत अर्थात २३७ मत नै खसेको थियो भने दुई मत बदर भएको थियो । निर्वाचनमा स्थानीय तर्फ १ मतको मतभार १८ र प्रदेशतर्फ १ मतको मतभार ४८ रहने व्यवस्था छ । मतदान प्रक्रियामा विवेकशील साझा पार्टीले भने सहभागिता जनाएन । विवेकशीलको प्रदेशतर्फ तीन मत रहेको थियो ।

मतदान प्रक्रियाका क्रममा एक सांसदले मतदान गरेको तस्बिर खिचेपछि विवाद भएको थियो । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयमा स्थापना गरिएको मतदान केन्द्रमा जारी मतदानमा माओवादी केन्द्रकी सांसद हिमाली गोलेले आफूले मतदान गरेको तस्बिर खिचे-पछि प्रमुख निर्वाचन अधिकृत डिल्ली रत्न श्रेष्ठसँग विवाद भएको हो ।

विवादका क्रममा श्रेष्ठले मोबाइल खोस्दै तस्बिर हटाउन आग्रह गरेका थिए । दोलखाबाट समानुपातिक सांसद रहेकी गोले र श्रेष्ठबीच विवाद भइरहेका बेला माओवादीका अर्का सांसद राजकाजी महर्जनले पनि प्रमुख निर्वाचन अधिकृत श्रेष्ठसँग विवाद गर्न थालेका थिए । विवाद बढेपछि गोले र महर्जनले घटनाको विषयमा मुख्यमन्त्री राजेन्द्र पाण्डेलाई जानकारी गराएर मतदानस्थलबाट बाहिरिएका थिए ।

राप्रपाका २ जना बागमती प्रदेश सांसदले राष्ट्रियसभाको निर्वाचनमा मतदान गरेका छन् । प्रदेश १ बाहेक अरु प्रदेशमा आफ्नो उम्मेदवार नभएकोले आफ्नो पार्टीले मतदान नगर्न राप्रपाले निर्णय गरेपनि राप्रपाका बागमती प्रदेशसभा सांसद रिना गुरुङ र रिता माझीले मतदान गरेका हुन् ।

मतदानमा सहभागी रिता माझीले पार्टीले अन्तिम समयमा मतदान गर्न निर्देशन दिएकोले राष्ट्रियसभामा मतदान गरेको दाबी गरिन् । राप्रपाको स्थानीय तहमा पनि २ जना जनप्रतिनिधि छन् । उनीहरुले पनि मतदान प्रक्रियामा सहभागी भएका छन् ।

### को हुन्, पौडेल ?

२०१७ सालमा स्याङ्जामा जन्मिएका कृष्णप्रसाद पौडेल बागमती प्रदेशबाट सत्ता गढबन्धनको तर्फबाट राष्ट्रियसभा सदस्य पदमा विजयी भएका छन् ।

उनले बुधबार प्रदेश निर्वाचन कार्यालय हेटौंडामा मनोनयन दर्ता गराएका हुन् । २०३६ सालबाट विद्यार्थी राजनीति सुरु गरेका पौडेल २०३८ सालमा काठमाडौंको पकनाजोलस्थित पिपल्स क्याम्पसको नेपाल विद्यार्थी संघ उपसभापति र २०३९ मा सचिव चुनिए । त्यतिबेला पौडेलले विद्यार्थीहरुको हकहितको लागि भएका थुप्रै आन्दोलनहरुको नेतृत्व गरे ।

त्यसपछि उनले शिक्षण पेशा सुरु गरे । लोकतन्त्र र समाजवादको मर्म राम्रोसंग बुझेका उनले शिक्षण पेशामा रहँदा पनि शिक्षकहरुको हकहितका मुद्दामा आवाज उठाइरहे । २०४७ सालमा शिक्षक संघको संस्थापक सदस्य हुँदै उनले २०५० सालमा संघको सभापतिको जिम्मेवारी सम्हाले ।

२०६० सालमा प्रजातान्त्रिक कांग्रेस शिक्षा समितिको सदस्य सचिव, महासमिति सदस्य हुँदै २०६१ सालमा उनी कांग्रेस स्याङ्जा जिल्ला समितिको सदस्य भए । जिल्ला सदस्य छुँदा पार्टीको गतिविधिलाई सक्रियताका साथ अघि बढाउन डटेर लागेका उनले त्यतिबेला निकै लोकप्रियता बटुले ।

तीनै लोकप्रियताको आधारमा उनलाई २०७४ मा राष्ट्रियसभा सदस्य पदको लागि सिफारिस गरिएको थियो । तर, राजनीतिक फेरबदलका कारण उनले उक्त जिम्मेवारी सम्हाल्न भने पाएनन् । २०७८ मा पुन: पौडेल सत्ता गठबन्धनबाट ५ दलको तर्फबाट राष्ट्रियसभा सदस्य पदको उम्मेदवार बनेका हुन् ।

पौडेल लामो समय शिक्षण पेशामा रहे । उनी काठमाडौँको गोंगबुस्थित बिएस्टी कलेजको संस्थापक क्याम्पस प्रमुख हुन् । करिब २५ बर्ष शिक्षण पेशामा रहेका उनी कांग्रेस बृत्तमा शिक्षित नेताको रुपमा परिचित छन् । उनी कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिवसमेत हुन् । कांग्रेसको १३ औँ महाधिवेशनबाट उनले मुख्य सचिवको जिम्मेवारी कुशलतापूर्वक सम्हाल्दै आएका छन् ।

# अनलाइनबाटै भन्सार महसुल बुझाउन सकिने

काठमाडौं (रासस)/ भन्सार महसुलको विद्युतीय भुक्तानी (इपेमेन्ट) प्रणालीको आज अर्थमन्त्री जनार्दन शर्माले सुरुआत गरेका छन् । ७० औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा आयोजित समारोहकाबीच उनले सो प्रणालीको शुभारम्भ गरेका हुन् ।

इपेमेन्ट प्रणालीको सुरुआतसँगै अब व्यवसायीले भन्सार महसुल अनलाइनमार्फत नै तिर्नसक्ने भएका छन् । यसले घरमै बसेर भन्सार जाँच पास गर्न सकिने तथा राजस्व संकलनमा समेत सहजता प्रदान गर्ने मन्त्री शर्माले विश्वास व्यक्त गरे । योसँगै 'नयाँ युग'को सुरुआत भएको पनि उनले बताए ।

'व्यापार सहजीकरण, सेवाग्राही र कर्मचारीको समय बचतलगातय लागि यसले महत्वपूर्ण औजारका रूपमा काम गर्नेछ', उनले भने, 'यसले भन्सारमा काम गर्ने कर्मचारीको काममा सुधार गर्न पनि मद्दत गर्नेछ ।' त्यस्तै उनले भन्सार बिन्दुमा चाँडै 'भेकल स्क्यानर' प्रयोग गरिने पनि जानकारी दिए । उनले भन्सारको निरन्तर सुधार अन्तर्गत भेकल स्क्यानर ल्याउने कार्य अन्तिम चरणमा पुगेको बताए ।

मन्त्री शर्माले भेकल स्क्यानर मालवस्तुको जाँचका लागि मात्र प्रयोग नभएर राष्ट्रिय सुरक्षाको कुरासँग पनि जोडिने उल्लेख गरे । 'हामीले इपेमेन्टको सुरुआत गरेका छौं । छिट्टै नै हामी प्रमुख भन्सारमा स्क्यानरको पनि सुरुवात गर्नेछौं', उनले भने, बाँकी पृष्ठ ४ मा...

घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर
हेटौडा उपमहा नगरपालिका
वडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३
९८११९८५४६२
हेटौडा-५

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००




Times AutoHub, Hetauda
फोन नं: ९८५५०६७८४० /०५७-५९०६१०

साझाकुरा

## हाम्रो कुरा

# सुमो व्यवस्थापनमा ध्यान जाओस्

हेटौंडा-काठमाडौं चल्ने टाटा सुमोलाई व्यवस्थित गर्न भनेर सुरु गरिएको एकीकृत काउन्टर प्रवाभहीन बन्यो । हेटौंडा उपमहानगर पालिकाको पहलमा करिब ३ वर्षअघि सुरु गरिएको एकीकृत सुमो काउन्टर प्रभावकारी हुन नसक्दा हेटौंडा बजार फेरि अस्तव्यस्त बन्यो, अहिले पनि त्यो समस्या कायमै छ । । हेटौंडा-१, चौकीटोलमा एकीकृत सुमो काउण्टर सञ्चालनमा ल्याए पनि व्यवसायी र बिचौलियाले त्यसलाई बाइपास गरेर अगाडि बढ्दा हेटौंडा बजारक्षेत्रमा जथाभावी सुमो पार्किङले बजार क्षेत्रका सडकहरुको ट्राफिक व्यवस्थापनमा जटिलता उत्पन्न भएको छ । साथै, विभिन्न सुमो सेवाका बिचौलियाहरुबीच सडकमै यात्रु तान्ने होडबाजी चल्ने गरेको छ । एकीकृत काउन्टर सञ्चालनको सुरुवातदेखि नै व्यवसायीहरुले त्यसको अप्रत्यक्ष अवज्ञा गर्दै आएका थिए । अधिकांश सुमोहरुले एकीकृत काउन्टरभन्दा बाहिरबाटै यात्रु चढाउने क्रम चलिरहँदा एकीकृत काउन्टरको उपादेयता नै ओझेलमा परेपछि अहिले सबैले आ-आफ्नै काउन्टरबाट सुमो सेवा सञ्चालन गरिरहेका छन् ।

हेटौंडाबाट कुलेखानी सिस्नेरी र फाखेल हुँदै दैनिक करिब सातसय सुमो आउजाउ गर्ने गरेका छन् । यस्ता सुमोहरु विभिन्न यातायात समिति र कम्पनीमार्फत् सञ्चालनमा रहेका छन् । सबै सुमो कम्पनीहरुले फरक-फरक ठाउँमा काउन्टर सञ्चालन गर्दा यात्रुलाई टिकटका लागि धेरैतिर धाउनु परिरहेको छ । साथै धेरैतिर सुमोको काउन्टर राखिँदा सुमो पार्किङमा पनि उस्तै समस्या छ । केही वर्षअघि हेटौंडा उपमहानगरपालिकाले बसपार्कमा सुमो कम्पनीहरुका लागि एकै टहरामा काउन्टर व्यवस्थापनको पहल गरेको भए पनि त्यसमा सुमो कम्पनी तथा व्यवसायीकै असहयोग रह्यो । पछिल्लो समय सबै सुमो कम्पनीहरुलाई एकैठाउँमा एकीकृत काउन्टरको व्यवस्था गरिए पनि सुमो व्यवसायीले त्यसलाई पनि स्वीकार्न सकेको पाइएन । हेटौंडा बजार क्षेत्रका सुमो व्यवसायीहरुले मुख्य सडकबाट करिब पाँचसय मिटर टाढा सुमो काउण्टर खोलेर टिकट बुकिङमात्र गर्ने र चौकीटोलको एकीकृत काउन्टरबाटै सुमो छुट्ने व्यवस्था मिलाउने भने पनि त्यसलाई अटेर गर्दा यस्तो समस्या देखिएको हो । विभिन्न समस्या देखाएर तथा बाहना बनाएर व्यवसायीले आफूखुशी सेवा सञ्चालन गरिरहँदा उपमहानगरपालिका र सम्बन्धित सरोकारवाला मौन बस्नुलाई अर्थपूर्ण मानिएको छ ।

सार्वजनिक यातायात सेवाको क्षेत्र पछिल्लो समयमा विकृतियुक्त बन्न पुगेको छ । सरकारको सिण्डिकेट अन्त्यको प्रयास सार्थक बन्न नसक्दा सेवाका नाममा मनपरी कायमै छ । सुमो सेवा प्रदायक व्यवसायीहरुले पनि यात्रुलाई सेवा र सन्तुष्टि दिनुका साथै सम्बन्धित निकायले सुरु गरेको सहज व्यवस्थापनमा साथ दिनु आवश्यक छ । सुमो सेवाहरुले अलग-अलग काउन्टरबाट यात्रुलाई सेवा दिनुभन्दा सबैको काउन्टर एकै ठाउँमा व्यवस्था गरी सहजरुपमा सेवा दिनु यात्रु र व्यवसायी दुबैको हितमा देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ १४ गते शुक्रबार २८ जनवरी २०२२ । माघ कृष्ण एकादशी । पोहेलागा एकादशी ११४१ । सूर्योदय ६:५२ र सूर्यास्त ५:४१ मा हुनेछ । षट्तिला एकादशी व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : भित्रजन भेट |
| **मिथुन** | : शत्रुबाट मुक्त | **धनु** | : प्रेममा सफलता |
| **कर्कट** | : धन नष्ट | **मकर** | : शुभ कार्यको थालनी |
| **सिंह** | : मिष्ठान्न भोजन | **कुम्भ** | : सुख प्राप्ति |
| **कन्या** | : आलश्यता | **मीन** | : यात्राको योग |

# अदालत र बारको गम्भीर त्रुटि



माधव कुमार बस्नेत

कोरोनाको तेस्रो लहर फैलिन सुरू गरेपछि सर्वोच्च अदालतले २०७८ माघ ४ गतेदेखि १८ गतेसम्मका लागि आफ्नो सेवा घटाउने निर्णय गऱ्यो । मातहतका अरू अदालत र न्यायिक निकायहरूलाई पनि आ-आफ्नो परिस्थितिअनुसार निर्णय गर्न सक्ने अधिकार दियो ।

सर्वोच्च अदालतको त्यही निर्णयलाई आधार मानेर अरू अदालतहरूले पनि आ-आफूले दिइरहेको नियमित सेवा घटाउने निर्णय गरे । यिनै कारणले अदालतहरूले अहिले अधिकांश किसिमका मुद्दाहरूको सुनुवाइ गर्दैनन् । सर्वोच्च अदालतले २०७८ माघ ४ गते जारी गरेको प्रेस विज्ञप्तिको दोस्रो बुँदामा 'मुद्दा/निवेदन दर्ता गर्ने, पेसी र अन्य तारेख दिने लगायतका कामकारवाही जनस्वास्थ्यका निर्धारित मापदण्डअनुसार सामाजिक दुरी कायम गर्ने, भीडभाड हुन नदिने लगायतका कुराहरूको पूर्ण परिपालन हुने गरी सञ्चालन गर्न सर्वोच्च अदालत प्रशासनले आवश्यक व्यवस्था मिलाउने' भन्ने उल्लेख छ ।

तेस्रो बुँदामा 'अदालतहरूमा अनावश्यक भीडभाड हुन नदिन अत्यावश्यक र न्यून जनशक्तिबाट आलोपालो मिलाई अदालतको काम कारवाही गर्ने र टेलिवर्क र अन्य तरिकाबाट निवास वा स्टेसनमा रही अदालतको कार्य सम्पादन गर्न मुख्य रजिष्ट्रारले आवश्यक व्यवस्था मिलाउने' भनिएको छ । यिनै बुँदाहरूका कारणले सर्वोच्च अदालतले अघिल्ला सालहरूमा गरेकाभन्दा यसपालिको सेवा संकुचनमा भिन्नता रहेको छ ।

सर्वोच्च अदालतबाट यो प्रेस विज्ञप्ति जारी हुनेबित्तिकै तल्लो तहका अदालतहरूले पनि यस्तै यस्तैखाले निर्णय गरेर निश्चित प्रकारका बाहेक अरू खालका मुद्दाको सुनुवाइ गरेका छैनन् । अदालतहरू सकेसम्म कम जनशक्तिबाट काम चलाउने भन्दै कर्मचारीलाई आलोपालोमा काम गर्ने र सकेसम्म टेलिवर्क अर्थात् अदालतमा नआई निवासबाटै काम गर्न व्यवस्था मिलाउने भनिएको छ । त्यसैले जतिखालका मुद्दाहरू सुनुवाइ हुन्छन् ती थोरै संख्यामा हुने भएकाले सुनुवाइका लागि थोरै न्यायाधीशहरू अदालत भए हुन्छ भन्ने हो । त्यसमाथि पनि सुनुवाइको गरिने ठाउँ (इजलास) पहिलेदेखि नै सुरक्षित बनाइएका छन् । यसले न्यायाधीशलाई काम पनि कम, उपस्थिति पनि कम, गरिने काम पनि सुरक्षित तरिकासाथ । सुरक्षित भएर काम गर्नु र रोगबाट बच्नु राम्रो हो । यसमा कुनै खोट रहेन । कर्मचारीको सम्बन्धमा हेर्दा मुद्दा नै कम सुनुवाइ हुने भएपछि काम स्वत: घटी । थोरै कर्मचारीबाट आलोपालोमा काम गराउने भनेपछि धेरैजति कर्मचारीले अदालत जानु परेन ।

त्यसमाथि पनि निवासबाटै काम गर्ने व्यवस्था मिलाउने भनेपछि अदालतका फाइल घर लगेर काम गर्न मिल्दैन । तारिख दिने लगायतका अरू कामका लागि झगडियालाई घर बोलाउने कुरा भएन । त्यसैले सर्वोच्च अदालतको निर्णयमा भनिएको 'निवासबाट' गर्ने भन्नुको अर्थ, सायद हाजिर पनि घरबाटै गर्ने भनेको मात्र हो । त्यसैले कर्मचारी पनि सुरक्षित । यो पनि राम्रै भयो ।

कानुन व्यवसायीहरूको तर्फबाट हेर्दा अदालतले सेवा प्रवाह घटाएपछि उनीहरूको पनि अदालत जानुपर्ने काम त्यही अनुपातमा घट्यो । वकिलको हैसियतले तारेख लिन, मुद्दा दर्ता गर्न र अरू प्रशासनिक काम गर्न जानु पर्दैन । सबै वकिलहरूले आ-आफ्ना कार्यालय वा घरमा बसेर काम गरे भयो । कानुन व्यवसायी अदालत जानुपऱ्यो भने पनि सर्वोच्च अदालतको २०७७ जेठ १५ को फैसलाले कानुन व्यवसायीले दिने सेवा पनि अत्यावश्यक सेवा हो । त्यसैले उनीहरूलाई रोक्न मिल्दैन भनेपछि कानुन व्यवसायीले हिँड्नु परे पनि परिचय-पत्र बोकेर सजिलैसँग हिँड्न पाउने भए । उनीहरूलाई पनि सुविधा नै भयो । 'लकडाउन' ले कुनै अप्ठ्यारो पारेन ।

अब बाँकी रहे झगडिया अर्थात् न्यायका सेवाग्राही । यदि न्यायका सेवाग्राही भएनन् भने न्यायाधीश, कर्मचारी र वकिल कसैको पनि काम छैन । त्यसैले उनीहरू न्याय प्रणालीका केन्द्रविन्दु हुन् । हरेक न्यायिक क्रियाकलाप हुँदा होस् वा न्यायसम्बन्धी प्रत्येक नीति बनाउँदा होस् तिनीहरू सेवाग्राही केन्द्रित हुनुपर्छ । यसभन्दा अघि अदालत तथा बार दुवैले सेवाग्राहीको हितलाई पनि आफ्नो हित जत्ति नै केन्द्रविन्दुमा राखेर निर्णय गरेका थिए । तर यसपालि भने झगडियालाई त्यो किसिमको सुविधा दिइएन ।

कम्तीमा माघ १८ गतेसम्म सबै किसिमको सेवा नदिने भनेर अदालतहरूले सेवा संकुचन गरे । तर अदालतले सेवाग्राहीको पनि स्वास्थ्यको ख्याल आफ्नोजत्तिकै राख्छ । सेवाग्राहीको र आफ्नो ज्यान उस्तै हो । त्यसैले सेवाग्राही पनि पहिलाको जस्तै अदालतले सेवा प्रवाह गर्न थालेपछि मात्र आउनू । म्याद, हदम्याद र तारिख केही गुज्रिँदैनन् भनेर निर्णय गरेन ।

बरू, 'मुद्दा/निवेदन दर्ता गर्ने, पेसी र अन्य तारेख दिने लगायतका कामकारवाही जनस्वास्थ्यका निर्धारित मापदण्डअनुसार सामाजिक दुरी कायम गर्ने, भीडभाड हुन नदिने लगायतका कुराहरूको पूर्ण परिपालन हुने गरी सञ्चालन गर्न सर्वोच्च अदालत प्रशासनले आवश्यक व्यवस्था मिलाउने' भनेर निर्णय गऱ्यो । अदालतको यो निर्णयको कारण झगडियाले आफूले अपेक्षा गरेको सेवा अदालतबाट नपाए पनि अदालत भने धाउनै पर्ने भयो । अदालत नगए उनीहरूको म्याद तारिख पनि गुज्रिने भयो । अघिल्ला वर्षहरूमा जस्तै अदालतले पूरै सेवा दिन थालेपछि मात्र मुद्दा दर्ता गर्न र तारेख लिन जान पनि नपाउने भए । अझ गज्जबको कुरा त के छ भने मुद्दा दर्ता गर्नुअघि मिसिलहरू क्वारेन्टिनमा रहन्छन् । यसले गर्दा सेवाग्राहीले थप बस्नुपर्ने भयो । फेरि प्रशासनले लगाएको सवारी साधनको जोरबिजोर प्रणाली र अनेक किसिमका लकडाउन र निषेधाज्ञा पनि उनीहरूलाई नै लागू हुन्छन् । न्यायाधीश, कर्मचारी र वकिललाई चाहिँ लाग्दैनन् ।

कोभिड-१९ को पहिलो र दोस्रो लहरको बेलामा अदालतहरूले सेवाग्राहीलाई पनि उत्तिकै प्राथमिकतामा राखी म्याद तारिख नगुज्रिने व्यवस्था गरिएको थियो । त्यसैले उनीहरूले पनि न्यायाधीश, कर्मचारी र वकिलसरह सुविधा पाएका थिए । यसपालि भने अदालतहरूले न्यायका केन्द्रीय पात्रको सुविधालाई ध्यानै दिएनन् । सुनुवाइका लागि तोकिएका पेसी कोरोनाकै कारणले स्थगित हुने तर मुद्दाका पक्षहरू चाहिँ तारिख लिन जसरी पनि अदालत पुग्नै पर्ने! यो घोर असन्तुलित र अविवेकी निर्णय अरू के हुन सक्छ ?

कोभिड-१९ जस्ता महामारी भएमा न्यायिक प्रक्रिया र अभ्यास के हुन्छ भन्ने कानुनी व्यवस्था, न्यायिक अभ्यास र दृष्टान्त नहुँदा पनि अदालतले सेवा संकुचन गर्दा पहिलो पटक २०७६ चैत ७ गते हदम्याद, म्याद र तारिख नगुज्रने व्यवस्था गरेको थियो । त्यसपछि २०७७ जेठ १५ मा सर्वोच्च अदालतमा उपस्थित सबै न्यायाधीश रहेको इजलासले सेवाग्राहीको हितलाई समेत ध्यानमा राखेर निश्चित नियमहरू बनायो । पहिला कुनै स्पष्ट व्यवस्था नहुँदा पनि सेवाग्राहीको ख्याल राख्ने अदालतले निश्चित नियम बनाइसकेपछि अहिले सेवाग्राहीले चाहिँ दु:ख नपाऊन् भनेर किन सोचेनन् ? आफ्नै आदेशलाई किन ख्याल गरेनन् ?

सर्वोच्च अदालतको २०७८ माघ ४ गतेको प्रेस विज्ञप्तिमा '...अदालतमा हुने उपस्थिति र भीडभाडलाई आवश्यक व्यवस्थापन गरी सेवाग्राही ...अदालत आउने अन्य सरोकारवालाको स्वास्थ्य, सुरक्षा र रोग संक्रमणको जोखिम न्यूनीकरण गर्न अत्यावश्यक भएको हुँदा...' भनेर शिरबेहोरामा सेवाग्राहीको पनि हितलाई ध्यान दिएजस्तो देखाइएको छ । तर निर्णयको जुन भाग चाहिँ लागू हुने हो त्यसमा सेवाग्राहीको स्वास्थ्यको हितमा केही पनि देखिँदैन । त्यसले यो भूमिकामा सेवाग्राहीको पनि हित रक्षा गरेजस्तो देखाउनुको के अर्थ ? सेवाग्राही अनेक कष्ट काटेर अदालत पुग्नै पर्ने र अदालतमा पनि थोरै कर्मचारीले सेवा दिने भएपछि सेवाग्राहीले अझ बढी समय बिताउनु पर्ने भयो । त्यसैले निर्णयमा सेवाग्राहीहरूको 'स्वास्थ्य, सुरक्षा र रोग संक्रमणको जोखिम' कसरी घट्छ ? नेपाल बार चिप्लिएको कि नीच मारेको ? म नेपाल बार एसोसिएसनमा करिब तीन दशकदेखि आबद्ध छु । नेपाल बार प्रति मेरा तीनवटा बुझाइ छन् । पहिलो, बार एसोसिएसन एक किसिमको बौद्धिक वर्गको संगठन हो । तर यो स्थापना हुनुको खास उद्देश्य र लक्ष्यको दार्शनिक पक्षलाई बारले बुझ्न सकेको छैन ।

दोस्रो, बौद्धिक वर्गको संगठनमा पनि पछिल्लो चरणमा चुत्थो राजनीतिक प्रभाव बढेर गएको छ । त्यसैले यो संस्था वकिलहरूको सजिलो गरी राजनीति उचाइ बढाउने लिस्नोमा परिणत हुँदैछ । तेस्रो, दोस्रो कारणको प्रभाव विस्तारले बारको एकता, स्तर र प्रभाव पहिला पहिलाभन्दा तीव्र गतिमा घटिरहेको छ (म गल्ती भए आधारसहित सच्याई दिनुहोला । मेरा यी निष्कर्षका आधार छन् । तिनीहरूलाई यहाँ प्रस्तुत गर्दा विषयान्तर हुन्छ । त्यसैले प्रस्तुत गरिनँ । आधार र प्रमाणसहित मेरा निष्कर्षमा असहमत हुनेहरूसँग म छुट्टै बहस गर्न तयार छु) ।

पहिलो पटकको कोभिड प्रकोपमा सेवाग्राही लगायत सबैको स्वास्थ्य रक्षार्थ अदालतको सेवा स्थगन गर्न बारले २०७६ साल चैत ५ गते सर्वोच्च अदालतलाई अनुरोध गरेको थियो । त्यति बेला बारले गरेको अनुरोधलाई समेत ध्यानमा राखेर सर्वोच्चले सरकारले 'लकडाउन' गर्नुभन्दा ५ दिनअघि नै, २०७६ चैत ७ गते निर्णय गरेर ९ गतेदेखि अदालतले अधिकांश सेवा बन्द गरेको थियो । अहिले भने सर्वोच्च र यसको निर्णयमा आधारित भएर अरू अदालतले गरेका निर्णयको परिणामस्वरूप सेवाग्राहीले पाउने दु:खको विषयमा भने बारले केही प्रतिक्रिया दिएको छैन । अदालतहरूले जारी गरेका सूचनाको परिणाम आकलन गर्न नसकेर हो वा सेवाग्राहीलाई जेसुकै होस् भनेर हो, त्यो त थाहा भएन तर बार पनि यस विषयमा चुपचाप देखिएको छ ।

न्यायाधीश, कर्मचारी र वकिलको चाहिँ स्वास्थ्यप्रति चिन्ता हुने! तर सेवाग्राही, जसले अहिलेको समयमा अदालत आउन, जान र अदालतमा तारेख लिन, मुद्दा दर्ता गर्न बढी कष्ट बेहोर्नुपर्छ, उनीको चाहिँ बार र बेन्च दुवैलाई चिन्ता नहुने ? यसलाई कुनै पनि दृष्टिबाट न्यायिक र उचित ठहऱ्याउन सकिँदैन । फेरि अदालतमा काम नहुने भएपछि उनीहरूलाई अदालतमा धाउन बाध्य पार्नुको कुनै तर्कसंगत कारण पनि देखिँदैन ।

सेवा प्रवाह रोकिँदा पहिलाको जस्तै शून्य अवधि घोषणा गर्दा कसैलाई मर्का पर्ने पनि देखिँदैन । त्यसैले सबै अदालत तथा न्यायिक निकायहरूले सेवाग्राहीको हितलाई पनि ध्यानमा राखेर जतिसक्दो चाँडो म्याद तारेख नगुज्रिने गरी शून्य समय घोषणा गरेर न्यायिक निकायहरू साँच्चै न्यायिक नै भएको प्रमाणित गर्नु नितान्त आवश्यक छ । - साभार: सेतापाटी

# चुनावै नगर्न मिल्दैन ?



गुरूराज घिमिरे

देशमा स्थानीय र संसदीय निर्वाचनको सरगर्मी बढिरहेको बेला सानो सामाजिक जमघटमा अकस्मात एउटा ठट्टाजस्तो लाग्ने विचित्रको जिज्ञासाले प्रवेश पायो - 'सबै कुरा ठीकठाकै चलिरहेको बेला चुनावै नगर्न मिल्दैन नेता जी ?' एकजना पूर्वपरिचित तर लामो समयपछि भेट भएका चल्तापुर्जा नेपाली नागरिकले अलि परबाट आएर अपर्झट सोधे ।

पंक्तिकार मात्र होइन वरिपरि भएका सुन्ने जति सबैजना मज्जाले हाँसे । अब के जबाफ दिने ? उनलाई प्रतिप्रश्न गर्नुको विकल्प थिएन । 'हैन तपाईंले मजाक गर्नु भएको कि साच्चै सोधेको हो ?' उनले फेरि भने - 'साँच्चै सोधेको नि ! किन ख्याल गर्नु, एकदुईबाहेक सबजना ओहोदामै देख्छु, सरकार छँदै छ, पार्टीका नेतालाई साह्रोगाह्रो केही छैन, ओली पनि आराम गर्दैछन्, प्रचण्ड र माधव छमछम नाचिराखेका छन्, बाबुराम र उपेन्द्र, महन्त र राजेन्द्र पनि संसद्मै छन्, मेरो पनि व्यवसाय राम्रै चलेको छ, अनि यो केको चुनाव फेरि ? सबै तारतम्य मिलाएर दुई चार वर्षै सार्न मिल्दैन र भन्या ?'

मुस्किलले नेपाली पढ्न जान्ने यी व्यवसायी काम थालेको दुईदशक पुग्दानपुग्दै अकल्पनीय धनी भएका छन् । राजनीतिक दलका ओहोदाधारीहरुको सेवा गर्दै हिड्ने र चाहिएको काम निकाल्ने यिनको खुबीको चर्चा सर्वत्र छ । गतिलो ओहोदा बेगरका व्यक्तिसँग यिनले हत्तपत्त भेट्दैनन् । ठूलाबडासँग राम्रै बसउठ छ तर चेतना स्तर भने यस्तो ! उनले त साच्चै पो भनेका रहेछन् । यसबाट हामीले थाहा पाउनुपर्छ - नेपाली राजनीतिज्ञ र राजनीतिक दलहरुका बारेको सामान्य बुझाइको अंश हो यो ! नेताहरू जे मन लाग्छ, त्यही गर्छन् भन्ने ठान्छन् जनसाधारण । नेताहरू आफ्नो स्वार्थमा लिप्त छन् भन्ने जनधारणा छ । अर्थात्, राजनीतिकर्मीको 'छवि' बिलकुलै ऋणात्मक छ । सत्तामा पुगेको मान्छे निर्लज्जतापूर्वक पदमा टाँसिनु नेपाली समाजको औसत चरित्र र पहिचान हुँदै गएको छ ।

राजनीतिमा यो डरलाग्दो रोग हो । अन्य क्षेत्र पनि यसबाट अछुतो छैन । बिचरा ! यी व्यवसायी अपवाद कसरी हुनसक्छन् ? उनले आफूले बुझेको कुरा निर्धक्क भनिदिए । उनले व्यंग्य पनि गरेका होइन रहेछन् । अन्यत्र दुई चार ठाउँ पनि भनेछन् यो कुरा । नेपाली राजनीतिको यस्तो परिचय बन्यो भने देशको भविष्य के होला ? सबैले बेलैमा चिन्ता गर्ने समय आएको छ । यतिखेर हामी स्थानीय निर्वाचनको मुखमा छौं । देशको संविधानले निर्दिष्ट गरेको समयसीमा पुग्न थोरै समय बाँकी छ । आगामी वैशाख ३१ भित्र स्थानीय तहको निर्वाचन गर्नुपर्ने संवैधानिक बाध्यता छ । संविधान र ऐनमा केही विरोधाभाष रहेको विषय संविधानविद्हरु औंल्याउँदै छन् । तर, यो सबै निर्वाचन सार्ने बहानावाजीमात्र हो । यसको छिनोफानो हुँदै गर्ला ।

निकट अतीतमा सरकारमा बसेका नेता र पार्टीले संविधान उल्लंघन गरेको सबालमा ठूलो संघर्ष भएको हामीलाई थाहा छ । त्यही संघर्षको पृष्ठभूमिमा वर्तमान सरकारको उदय भएको थियो । कांग्रेसलगायतका राजनीतिक दलहरुको संविधान रक्षाको पक्षमा प्रदर्शित दह्रो अडानका कारण साबिकको सत्तारूढ दल नेकपा विभाजित भई अहिलेको गठबन्धन निर्माण भएको हो- जसले छ महिना यता सरकार चलाइरहेको छ । सबैलाई थाहा छ, वर्तमान सरकार संसद्को स्वाभाविक गणितको परिणाम होइन । मुलुकमा उत्पन्न विशेष राजनीतिक परिस्थितिको उपज हो । यससँग मनलाग्दी गर्ने र चल्ने छुट छैन । संविधानमा हुँदै नभएको व्यवस्था र बाटो खोज्ने सुविधा पनि छैन । सत्ता गठबन्धनका केही घटकको राजनीतिक भविष्य जोगाउन संविधान च्यात्ने अधिकार कसैलाई पनि छैन । यो वास्तविकता मनन गरेर अघि बढ्दामात्र संविधानको मर्मको रक्षा गर्न सकिन्छ । हिजो भएका त्रुटि कमजोरी र कतिपय जघन्य गल्तीका विरुद्ध गरिएको संघर्षलाई सही प्रमाणित गर्न सकिन्छ ।

लोकतान्त्रिक शासन प्रणाली व्यवहारले सिद्ध हुने वा गर्नुपर्ने अप्ठ्यारो राजनीतिक प्रणाली हो । सिद्धान्त भट्याउँदैमा यो सार्थक हुँदैन । दस्तावेजमा लेखिएका भरमा लोकतन्त्रले राम्रो काम गर्ने पनि होइन । काम गर्ने त आखिरमा राजनीतिक दल नै हुन् । दल भनेको पनि नेता र पार्टी सदस्य हुन् । अर्थात् मानिसहरू नै हुन् । दलका नेता ठीक नभई पार्टी सही हुँदैन । पार्टी ठीक नभई लोकतन्त्रले सही काम गर्दैन ।

अनि सही काम नगर्ने लोकतन्त्रप्रति जनआस्था कसरी बढ्छ ? जनआस्था नभएको लोकतन्त्र कसरी दिगो हुन्छ ? दु:खका साथ भन्नुपर्छ- हाम्रो लोकतन्त्रले यही नियति झेलिरहेको छ । तीस/बत्तीस वर्षको लोकतान्त्रिक अभ्यासले जनतामा आशाको किरण जगाउन नसकेकै हो । पार्टी वा नेता समाजको 'रोल मोडल' बन्न सकेनन् । यसलाई केले रोकेको थियो ? कसलाई हेरेर नयाँ पुस्ता राजनीतिमा होमिने ?

तरुण युवाको आदर्श को वा के ? अनि ती व्यवसायीले के बुझुन् र के भनुन् ? उनले जे बुझे त्यही भने । नेपालमा अहिले चलेको लोकतन्त्रलाई नेपाली जनताले 'ठालुतन्त्र'का रुपमा बुझ्न थालेका छन् । अझ ठालुतन्त्रभित्रको नेतातन्त्र । यसलाई रोक्ने कसरी ? रोक्न सकिएन भने प्रतिक्रान्तिको खतरालाई टाल्न संभव छैन । अनि कति पुस्ताले दु:ख पाउने ? गरिब जनता समान्य उपचार नपाएर मर्ने र टाठा बाठाहरुको राज्यकोषमा रजाइँ चलिरहने हो भने अन्तत: विद्रोहले आकार लिन समय नै लाग्दैन ।

यसको उदाहरण संसारमा धेरै छन् । एउटा दृष्टान्त ट्युनिसियाबाट सुरुभएको बसन्त विद्रोह हो जसको परिणाम हामी सबैलाई थाहा छ । गरिब र बेरोजगार युवा मोहम्मद बौआजिजीले चरम गरिबी र राज्यको निरंकुशता र प्रशासनिक दर्व्यवहार झेल्न नसकेर सन् १९१० को डिसेम्बर १७ मा ट्युनिस सहरमा आत्मदाह गरेपछि अरब जगतमा विद्रोहको आगो सल्किएको थियो -जसले ट्युनिसिया, इजिप्ट र लिबियाको तत्कालीन सत्ता ढालिदियो भने अरु अरब राष्ट्रमा समेत धेरै उथलपुथल मच्चायो । यसलाई हामीले बेवास्ता गर्नु हुँदैन । नेपालमा नागरिकले जीवन गुमाउनु परेका धेरै यस्ता घटनाहरु छन् । यसको पछिल्लो उदाहरण उपचार नपाएर अकालमा भर्खरै जीवन गुमाएका युवा पत्रकार एलबी विश्वकर्मा हुन् । यसको हेक्का समयमै राख्नुपर्छ कि पर्दैन ? लोकतन्त्र भनेको बोलिदिएरमात्र हुन्छ कि गर्नु पनि पर्छ ? राजाको सामन्तवादको सट्टा हामीले ल्याएको लोकतन्त्र दलभित्रका ठालु नेताको अभिजाततन्त्र हो र ? विश्वका लोकतान्त्रिक राष्ट्रहरु इमानदार र निष्ठापूर्ण संवैधानिक अभ्यासबाट समृद्ध भएका हुन् ।

नागरिकले तिरेको एकएक पैसाको सदुपयोगको हिसाब देखाएर धनी भएका हुन् । पहिलो कुरा त विधिको पालनामा उनीहरु चुकेनन् । जनता समक्ष असम्भव बाचा गरेनन् । देशको सामर्थ्यलाई चिनेर तदनुकूल योजना बनाए । देशको सबै शक्ति राष्ट्र निर्माणमा लगाए । आफ्ना नागरिकहरुमा एकता कायम गरे । राज्यबाट नागरिकमाथि कुनै प्रकारको बिभेद हुन दिएनन् । सरकारहरुले इमानपूर्वक जिम्मेदारी पूरा गरे । सबैभन्दा ठूलो कुरा त देश चलाउने नेता निजी र वैयक्तिक स्वार्थबाट माथि उठे । दिन रात मेहनत गरे । दक्षिण कोरिया, जापान, सिंगापुर, युएई र मलेसिया पछिल्लो दृष्टान्त हुन् । यी देश नेताले ठूलठूला गफ छाँटेर या गुड्डी हाँकेर बनेका होइनन् । माथि पनि चर्चा भइसकेको छ प्रणाली आफैँले काम गर्दैन । दलहरु र सरकारले काम गर्नुपर्छ । यसका निम्ति सही पात्रको चयन, दृढ अठोट, इमान र निरन्तरको मेहनत चाहिन्छ । दु:खका साथ भन्नुपर्छ नेपालको राजनीतिमा यी सबै कुरा दुर्लभ छन् । अनि कहाँबाट बन्छ देश ?

राजनीति राष्ट्रको ढुकुटी दोहन गर्ने उपयुक्त माध्यम बनाएका सबैथरी नेताहरुको प्राथमिकतामा देश विकास कसरी पर्छ ? सीमान्तमा रहेको अदना नेपालीले यो देश मेरो हो भन्ने आधार के ? उसका सन्तति राम्रो स्कुल पढ्न पाउँदैनन्, बिरामी हुँदा उपचार छैन, अन्याय पर्दा न्याय पाउँदैन, बस्ने घर र उभिने जमिन छैन, उसको आवाज कहीँ सुनिँदैन । अनि त्यस व्यक्तिले देशको बारेमा के सोच्छ ? अनि प्रणालीको भविष्य सुरक्षित कसरी हुन्छ ?

- बाँकी ३ पेजमा...

